म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१० शनिबार, ७ असार २०८२ ने. सं. ११४५ तछलागा 21 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुरक्षित घर निर्माण गरौं**

**घर निर्माण गर्दा-**

☞ इन्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
☞ भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
☞ गुणस्तरीय सामग्री प्रयोग गरौं ।
☞ स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
☞ नियमित मर्मतसम्भार गरौं ।
☞ निर्माण अघि स्वीकृति लिऔं ।

*"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"*

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती सरकारको ११ महिनामा ५० प्रतिशत भन्दा कम बजेट खर्च

## असारमा मात्र ३३ अर्ब खर्च गर्नुपर्ने दवाब

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा ५० प्रतिशत भन्दा कम बजेट खर्च गरेको छ ।

आर्थिक वर्ष सकिन एक महिनामात्र बाँकी हुँदा प्रदेश सरकारको खर्च ४८ दशमलव ६८ प्रतिशत पुगेको छ । ११ महिना अवधिमा जम्मा ३१ अर्ब ४१ करोड ९५ लाख ९८ हजार रुपैयाँ मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । त्यसैगरी पुँजीगततर्फ ४५ दशमलव ९ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगततर्फ ३७ अर्ब २४ करोड ९० लाख ५६ हजार रुपैयाँ विनियोजन भएकोमा १७ अर्ब ८ करोड ६८ लाख ९५ हजार खर्च भएको छ । यसैगरी चालुतर्फ भने ५५ दशमलव ५३ प्रतिशत खर्च भएको छ ।

चालुतर्फ विनियोजित २५ अर्ब ७९ करोड १३ लाख ७४ हजार रुपैयाँमध्ये ११ महिना अवधिमा १४ अर्ब ३२ करोड २७ लाख दुई हजार रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ । वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेकोमा हालसम्मको प्रगति शून्य छ । चालु आर्थिक वर्षको लागि ६४ अर्ब ५४ करोड चार लाख ४१ हजार रुपैयाँ बजेट विनियोजन गरेको प्रदेश सरकारले असार महिनामा मात्रै ३३ अर्ब हाराहारीमा बजेट खर्च गर्नुपर्ने देखिन्छ ।

योजनाको भौतिक प्रगति भइसकेको तर, भुक्तानी दिन बाँकी रहेकाले सरकारको खर्च कम देखिएको मन्त्रालयका सूचना अधिकारी ईन्द्रराज संज्यालले जानकारी दिए ।




उनकाअनुसार कतिपय योजना र कार्यक्रमको काम भइसकेको र भुक्तानीमात्र बाँकी रहेको छ । कतिपय भुक्तानी पाउन बाँकी रहेकाको बिल भर्पाईलगायतका कागजात सबै नआएकाले पनि रोकिँदा भुक्तानी रोकिने र खर्च प्रतिशत कम देखिएको उनको भनाइ छ । असार २५ गतेसम्म भुक्तानीको समय भएकाले यो अवधिमा भुक्तानी हुने प्रगति बढ्ने बताए । प्रदेशका मन्त्रालयमध्ये सबैभन्दा बढी स्वास्थ्य मन्त्रालय र सबैभन्दा कम कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले बजेट खर्च गरेको छ ।

स्वास्थ्य मन्त्रालयले ५३ दशमलव ४८ प्रतिशत अर्थात २ अर्ब २४ करोड ८० लाख रुपैयाँ बजेट खर्च गरेको छ भने कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको ३० दशमलव ९२ प्रतिशत अर्थात ८१ करोड ३४ लाख रुपैयाँ बजेट खर्च भएको छ । यसैगरी सबैभन्दा बढी बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयले ११ महिनाको अवधिमा ४७ दशमलव ९७ प्रतिशत अर्थात ११ अर्ब नौ करोड ७० लाख रुपैयाँ मात्र बजेट खर्च गरेको छ । यो मन्त्रालयका लागि २३ अर्ब १३ करोड ३५ लाख ८३ हजार रुपैयाँ विनियोजन गरिएको थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ३८ दशलमब २१ प्रतिशत अर्थात् १९ करोड ५३ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयले ४८ दशमलव ८४ प्रतिशत अर्थात् १२ करोड ४७ लाख, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ४३ दशमलव ९० प्रतिशत अर्थात २३ करोड ७६ लाख, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको ३७ प्रतिशत अर्थात् २७ करोड ३० लाख बजेट खर्च गरेका छन् ।

यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयको ३३ दशमलव ५७ प्रतिशत अर्थात् ८८ करोड ६५ लाख, वन तथा वातावरण मन्त्रालयको ४५ दशमलव ७१ प्रतिशत अर्थात् १ अर्ब ५५ करोड १३ लाख, युवा तथा खेलकुद मन्त्रालयको ४९ दशमलव ३७ प्रतिशत अर्थात् ४० करोड ३७ लाख, सामाजिक विकास मन्त्रालयको ४८ दशमलव ५१ प्रतिशत अर्थात् १ अर्ब ८९ करोड ५७ लाख र श्रम रोजगार तथा यातायात मन्त्रालयको ३५ दशमलव ५३ प्रतिशत अर्थात् ३३ करोड ६४ लाख रुपैयाँ बजेट खर्च भएको सूचना अधिकारी संज्यालले जानकारी दिए ।

स्थानीय तहलाई हस्तान्तरण गरिएको कुल अनुदानमध्ये ७ खर्ब १३ करोड ९८ लाख रुपैयाँ (८६ प्रतिशत) बजेट खर्च भइसकेको छ । आगामी आर्थिक वर्ष २०८२/८३ को लागि भने प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार को बजेट ल्याएको छ । चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ ।

प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट ४१ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ, सञ्चितकोष विविध प्राप्ति १६ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ खर्च व्यहोर्ने स्रोत अनुमान गरिएको छ ।

# हेटौंडामा शनिबारबाट राष्ट्रिय महिला भलिबल प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/नेपाल स्पोर्टस् सेन्टर (नेकोस) को आयोजनामा हेटौंडामा नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता र नेकोस कप राष्ट्रिय रोलर स्केटिङ प्रतियोगिता-२०८२ आयोजना हुने भएको छ ।

प्रतियोगिता असार ७ गते शनिबारदेखि ११ गतेसम्म सञ्चालन हुने शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै जानकारी दिएको हो । महिला भलिबल प्रतियोगितामा नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, न्यू डायमण्ड यूथ स्पोर्ट्स क्लब, मधेश, गण्डकी र बागमती प्रदेशलगायत ७ वटा टिमको सहभागिता रहने आयोजकले जनाएको छ । स्केटिङ प्रतियोगितामा १२ वर्षमुनिका र १२ वर्षमाथिका महिला तथा पुरुष गरी ४ विधामा करिब १५० खेलाडी सहभागी हुने आयोजकले जनाएको छ ।

भलिबलतर्फ प्रथमलाई ५ लाख, द्वितीयलाई ३ लाख, तृतीयलाई १ लाख र सान्त्वनालाई ५१ हजार प्रदान गरिने नेकोस काठमाडौंका अध्यक्ष अनिलकुमार रिजालले जानकारी दिएका छन् । यस्तै स्केटिङतर्फ प्रथम हुनेलाई १० हजार, द्वितीयलाई ५ हजार र तृतीयलाई ३ हजार पुरस्कार प्रदान गरिने छ । दुबै प्रतियोगिता सम्पन्न गर्न ८० लाख रुपैयाँ बराबरको खर्च हुने अनुमान आयोजकले गरेको छ । भलिबल प्रतियोगिता असार ७ गते शनिबार दिउँसो ३ बजे हुप्राचौर स्थित भलिबल प्रशिक्षण केन्द्रमा उद्घाटन हुनेछ भने स्केटिङ प्रतियोगिता असार ८ गते आइतबार बिहान ७ बजे हेटौंडा-५, पुष्पलाल रोडस्थित स्केटिङ पार्कमा सञ्चालन हुने जनाइएको छ ।

आयोजकका अनुसार दुबै प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा हुनेछ । प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोह असार ११ गते हेटौंडाको हुप्राचौरमा आयोजना गरिनेछ ।

# सिद्धार्थको क्याप्टेन बने समर

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ हेटौंडा-२ मा रहेको सामुदायिक विद्यालय, सिद्धार्थ माविको क्याप्टेनमा समर घिसिङ चयन भएका छन् ।

शुक्रबार भएको निर्वाचनमा प्रेरित तितुङलाई पराजित गर्दै उनी निर्वाचित भएका हुन् । विद्यालयको भाइस क्याप्टेन दीपिशा श्रेष्ठ निर्वाचित भइन् । उनले विपश्वी प्रधानलाई पराजित गरेकी हुन् ।

यस्तै रेड हाउस क्याप्टेन उज्ज्वल पटेल, भाईस क्याप्टेन उत्सब न्यौपाने निर्वाचित भए । ब्लु हाउसतर्फ क्याप्टेन निशा लामा निर्वाचित भइन् । प्रेरणा गोले भाईस क्याप्टेन बन्न सफल भइन् । ग्रीन हाउसतर्फ क्याप्टेन पृथ्वीनारायण यादव र भाईस क्याप्टेन गुरु यादव चयन भए । पर्पल हाउसतर्फ क्याप्टेन सृष्टी रानामगर र भाईस क्याप्टेन अमर मोक्तान चयन भए ।

ओरेन्ज हाउसतर्फ क्याप्टेन सक्षम आचार्य र भाईस क्याप्टेन ज्यासमीन दोङ चयन भए । एलो हाउसतर्फ क्याप्टेन कृजा तितुङ र भाईस क्याप्टेन रचना लामा चयन भए । कुल १४ पदका लागि भएको निर्वाचनमा २८ जना उम्मेद्वार प्रतिस्पर्धामा थिए । कुल ९०६ विद्यार्थी मतदाता रहेको विद्यालयको निर्वाचनमा ५६३ विद्यार्थीले मतदान गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।


facebook twitter Google **विज्ञान/प्रविधि**

# यी हुन् च्याट जिपिटीसँग शेयर गर्न नहुने कुराहरू

प्रविधिको तीव्र विकाससँगै मानिसहरूमा दिनप्रतिदिन कृत्रिम बुद्धिमत्ता अर्थात् एआई आधारित प्रविधिको प्रयोग बढिरहेको छ । त्यसमध्ये विश्वभर सबैभन्दा लोकप्रिय च्याटबटको रुपमा रहेको च्याट जिपिटीले हाम्रो जीवनशैलीमा नयाँ ढंगले प्रभाव पार्न तथा अन्तरक्रिया गर्न थालेको छ । तर कहिलेकाहीँ यससँगको अन्तरक्रियाले हाम्रो व्यक्तिगत गोपनीयता जोखिममा पार्न सक्ने चेतावनी विज्ञहरूले दिँदै आएका छन् ।

**च्याट जिपिटी : एआई हो तर पूर्ण सुरक्षा छैन**

ओपन एआईद्वारा विकास गरिएको च्याट जिपिटी एक प्रकारको जेनेरेटिभ भाषा मोडेल हो । यसले प्रयोगकर्ताको प्रश्नको उत्तर स्वत: तयार पार्छ । यसले सामान्य ज्ञान, लेख, कथा, गीत, योजना, कानुनी सुझाव, स्वास्थ्य टिप्स आदि अनेक विषयमा सटिक जवाफ दिन सक्छ । तर, यो कुनै विवेकी मानिस होइन, न कुनै प्रमाणित डाक्टर वा वकिल । त्यसैले यससँगको अन्तरक्रियामा सधै सजगता अपनाउनु आवश्यक छ ।




**च्याट जिपिटीसँग कस्ता जानकारी शेयर गर्नु हुँदैन ?**

**१. व्यक्तिगत विवरणहरू :** आफ्नो नाम, ठेगाना, मोबाइल नम्बर, पासपोर्ट नम्बर, नागरिकता, तथा अन्य परियचपत्रको विवरण, इमेल ठेगाना, जन्म मिति आदि गोप्य विवरण च्याट जिपिटीमा कहिल्यै पनि लेख्नु हुँदैन । च्याटबटमा शेयर गरिने यस्ता निजी जानकारीहरू अनधिकृत रुपमा गलत हातमा पुग्ने र व्यक्तिको पहिचान दुरुपयोग हुन सक्छ ।

**२. पासवर्ड वा लगइन विवरण :** बैंक खाताको पासवर्ड, इमेल वा फेसबुक लगइन, टू फ्याक्टर अथेन्टिकेसन कोड जस्ता विवरणहरू एआई सिस्टममा राख्दा सर्भरमा स्टोर हुन सक्ने सम्भावना रहन्छ, जुन साइबर सुरक्षाको दृष्टिले घातक हुन सक्छ ।

**३. आधिकारिक वा व्यावसायिक गोप्य सूचना :** यदि तपाईं कुनै निजी संस्था, बैंक वा सरकारी निकायमा कार्यरत हुनुहुन्छ भने कम्पनीको रणनीति, ग्राहकको तथ्यांक, गोप्य प्रतिवेदन तथा भविष्यको परियोजना योजना जस्ता दस्तावेजहरु एआई च्याटबटसँग शेयर गर्नु हुँदैन । यसो गर्दा कम्पनीको व्यापारिक जासुसी हुने वा सूचना चुहावटको खतरा रहन्छ ।

**४. स्वास्थ्यसम्बन्धी संवेदनशील जानकारी :** एआईले सामान्य स्वास्थ्य टिप्स दिन सक्छ तर मेडिकल रिपोर्ट, मनोवैज्ञानिक अवस्था, औषधि प्रयोगको इतिहास, मानसिक समस्याका विस्तृत विवरण जस्ता विषय च्याट जिपिटीमा शेयर गरेर त्यसले दिने सुझावमा भर पर्नु हुँदैन । यस्ता विषयहरूमा वास्तविक चिकित्सक वा मनोचिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ ।

**५. कानुनी विवाद वा संवेदनशील मामिला :** च्याट जिपिटीलेले कानुनी प्रक्रियाबारे सामान्य जानकारी दिन सक्छ, तर मुद्दा विवरण, अदालतको पत्र, कानुनी सल्लाह वा मिसिल जस्ता संवेदनशील जानकारी यससँग शेयर गर्दा तपाईंको कानुनी गोपनीयता तथा स्थितिमा समस्या उत्पन्न हुनसक्छ.

**६. भविष्य योजनाहरू र रणनीति :** व्यक्तिगत, पारिवारिक वा व्यावसायिक योजना (जस्तै: नयाँ कम्पनीको अवधारणा, नवप्रवर्तनशील परियोजना तथा लगानी र णनीति आदि) पनि गोप्य राख्नुपर्छ । सार्वजनिक प्लेटफर्ममा यस्ता विचार चुहिदा आफ्नो प्रतिस्पर्धात्मक लाभ गुम्न सक्छ ।

वास्तवमा कृत्रिम बुद्धिमत्ता अर्थात् एआई शक्तिशाली प्रविधि हो, तर यसको प्रयोग सीमित र जिम्मेवारीपूर्वक गर्नु पर्दछ । यसले लेख लेख्न सक्छ, गणना गर्न सक्छ र सुझाव दिन सक्छ । तर, आवश्यक निर्णय लिने कुरा प्रयोगकर्ताकै विवेकमा भर पर्छ । च्याट जिपिटी भनेको सहायक हो, सल्लाहकार होइन । त्यसैले गोप्य वा संवेदनशील कुरा यससँग कहिल्यै बाँड्नु हुँदैन ।

**जीवनशैली / स्वास्थ्य**

# प्रेम र सम्मान नभए यान्त्रिक क्रिया मात्र बन्न पुग्छ यौन: ओशो

ओशोले यौनलाई मानव जीवनको मूलभूत ऊर्जाको रूपमा परिभाषित गरेका छन् । उनको विचारमा, यौन केवल शारीरिक सुख वा प्रजननको साधन मात्र होइन, यो जीवन शक्तिको अभिव्यक्ति हो, जसले मानवलाई सृष्टिको आधारसँग जोड्छ । उनले भनेका छन्, 'यौन ऊर्जा नै जीवनको स्रोत हो । यो सृष्टिको प्रारम्भिक बिन्दु हो, जसबाट जीवनको सम्पूर्ण सृष्टि उत्पन्न हुन्छ ।' यो ऊर्जा मानव शरीर र मनको मूलमा रहेको छ, र यसलाई दबाउनु वा नकार्नु भनेको जीवनकै एक हिस्सालाई अस्वीकार गर्नु हो ।

ओशोले यौनलाई प्रकृतिको उपहारका रूपमा हेरेका छन् । उनको दर्शनमा, यौन न त पाप हो न त अपवित्र, बरु यो मानवको स्वाभाविक प्रवृत्ति हो । उनले पश्चिमी र पूर्वीय समाजमा यौनलाई लिएर रहेको नकारात्मक धारणा र दमनको आलोचना गरे ।

उनको मतमा, यौनलाई दबाउनाले मानसिक र आध्यात्मिक समस्याहरू उत्पन्न हुन्छन्, जस्तै तनाव, अपराधबोध र मनोवैज्ञानिक असन्तुलन । उनले भनेका छन्, 'यौनलाई स्वीकार गर्नु भनेको जीवनलाई स्वीकार गर्नु हो ।'

यौन र आध्यात्मिकताको सम्बन्ध

ओशोको दर्शनमा यौन र आध्यात्मिकता एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । उनले यौनलाई आध्यात्मिक साधनाको पहिलो पाइला ठाने । उनको विचारमा, यौन ऊर्जा समग्र ऊर्जाको एक हिस्सा हो । जसलाई योग, ध्यान र साधनामार्फत उच्च स्तरको चेतनामा रूपान्तरण गर्न सकिन्छ ।

यो विचार उनको तान्त्रिक दर्शनसँग नजिक छ, जहाँ यौनलाई केवल शारीरिक सुखको साधन नभई, ईश्वरीय चेतनासम्म पुग्ने माध्यमको रूपमा लिइन्छ ।

उनले तान्त्रिक साधनालाई जोड दिँदै भनेका छन्, 'यौनको अनुभवमा जब तिमी पूर्णरूपमा डुब्छौ, तिमी समय र अहंकारबाट मुक्त हुन्छौ । यो क्षण ध्यानको क्षण हो ।' ओशोको मतमा, यौनको गहिरो अनुभवले व्यक्तिलाई एकताको अनुभूति गराउँछ, जहाँ दुई व्यक्ति एकअर्कामा विलिन हुन्छन् । यो अनुभव समाधि वा आध्यात्मिक एकताको प्रारम्भिक रूप हो ।

यौनको दमन र त्यसका परिणामहरू

ओशोले यौनको दमनलाई मानव समाजको सबैभन्दा ठूलो समस्यामध्ये एक मानेका छन् । उनको विचारमा, धार्मिक, सामाजिक र सांस्कृतिक नियमहरूले यौनलाई पापको रूपमा प्रस्तुत गरेर मानव मनमा अपराधबोध र डर सिर्जना गरेका छन् । यो दमनले व्यक्तिको स्वाभाविक ऊर्जालाई कुण्ठित गर्छ, जसले मानसिक र भावनात्मक समस्याहरू निम्त्याउछ । 'जब यौनलाई दबाइन्छ, यो मनको गहिराइमा लुकेर विकृत रूपमा प्रकट हुन्छ' उनको मत छ ।

उनले समाजमा व्याप्त यौन सम्बन्धी विकृतिहरू, जस्तै हिंसा, बलात्कार र अनैतिक व्यवहार, यौन दमनको परिणाम भएको तर्क गरे । उनको मतमा, यदि यौनलाई स्वाभाविक र स्वस्थ तरिकाले स्वीकार गरियो भने यस्ता समस्याहरू कम हुन्छन् । ओशोले यौन शिक्षाको महत्वलाई पनि जोड दिए, जसले व्यक्तिलाई यौनको प्राकृतिक र सकारात्मक पक्षबारे बुझ्न मद्दत गर्छ ।

**यौन र प्रेम**

ओशोले यौन र प्रेमलाई अलग-अलग तर अन्तरसम्बन्धित विषयको रूपमा व्याख्या गरेका छन् । उनको विचारमा, यौन प्रेमको प्रारम्भिक अभिव्यक्ति हुन सक्छ, तर यौन आफैँमा प्रेम होइन । उनी भन्छन्, 'यौन शारीरिक हो, प्रेम भावनात्मक र आध्यात्मिक हो । यौन प्रेमको ढोका हुन सक्छ, तर यो अन्तिम गन्तव्य होइन ।' उनले यौनलाई प्रेमको आधार बनाउन प्रेरित गरे, जहाँ यौन केवल शारीरिक सुखको साधन नभई, दुई आत्माहरूको गहिरो सम्बन्धको अभिव्यक्ति बन्छ ।

उनले यौनलाई प्रेम र सम्मानको भावनासँग जोड्नुपर्ने कुरामा जोड दिए । यदि यौनमा प्रेम र सम्मानको अभाव छ भने, यो केवल एक यान्त्रिक क्रिया बन्छ, जसले सन्तुष्टिको सट्टा रिक्तता ल्याउँछ । 'प्रेमले यौनलाई पवित्र बनाउँछ । प्रेमबिना यौन केवल एक शारीरिक आवश्यकता हो' उनी भन्छन् ।

**तान्त्रिक यौन र ध्यान**

ओशोको यौन सम्बन्धी दर्शनको सबैभन्दा महत्वपूर्ण पक्ष तान्त्रिक यौन हो । उनले तान्त्रिक साधनालाई यौन ऊर्जालाई रूपान्तरण गर्ने विधिको रूपमा प्रस्तुत गरे । तान्त्रिक यौनमा, यौन केवल सुखको साधन नभई, ध्यान र आत्म-जागरूकताको माध्यम हो । ओशोले भनेका छन् 'तान्त्रिक यौनमा, तिमीले आफ्नो पार्टनरसँग मात्र होइन, समग्र सृष्टिसँग एकताको अनुभव गर्छौ ।'

तान्त्रिक यौनमा, यौन ऊर्जालाई आध्यात्मिक ऊर्जाका रूपमा माथि उठाउन सकिन्छ । यो प्रक्रियामा ध्यान, श्वास-प्रश्वास र सचेतनाको महत्व हुन्छ । ओशोले यौनलाई ध्यानको रूपमा प्रयोग गर्न सिकाए, जहाँ व्यक्ति पूर्णरूपमा वर्तमान क्षणमा रहन्छ र अहंकार बाट मुक्त हुन्छ ।

**यौन र स्वतन्त्रता**

ओशोले यौनलाई व्यक्तिगत स्वतन्त्रतासँग पनि जोडेका छन् । उनको विचारमा, यौनको स्वीकारले व्यक्तिलाई सामाजिक बन्धन र दमनबाट मुक्त गर्छ । 'जब तिमी यौनलाई स्वीकार गर्छौं तिमी आफ्नो शरीर र मनलाई स्वीकार गर्छौं' उनी भन्छन्, 'यो स्वीकारले तिमीलाई स्वतन्त्र बनाउँछ ।

उन मतमा यौनलाई न त लज्जाको विषय बनाउनुपर्छ न त यसलाई अनियन्त्रित रूपमा प्रयोग गर्नुपर्छ । सन्तुलित र सचेत दृष्टिकोणले यौनलाई जीवनको सौन्दर्यको हिस्सा बनाउँछ ।

**सामाजिक र धार्मिक सन्दर्भमा यौन**

ओशोले धार्मिक र सामाजिक संस्थाहरूले यौनलाई नियन्त्रण गर्न बनाएका नियमहरूलाई आलोचना गरे । उनको विचारमा, यी नियमहरूले मानवलाई अप्राकृतिक रूपमा बाँध्छन् र उसको स्वाभाविक प्रवृत्तिलाई कुण्ठित गर्छन् । 'धर्मले यौनलाई पाप बनायो, तर यो ईश्वरको सिर्जना हो' ओशो निष्कर्ष छ, 'यदि यौन पाप हो भने, सृष्टिको सम्पूर्ण प्रक्रिया पाप हो ।' उनले यौनलाई पवित्र र ईश्वरीय कार्यको रूपमा स्वीकार गर्न प्रेरित गरे ।

**यौन र आधुनिक समाज**

आधुनिक समाजमा यौन सम्बन्धी ओशोको दर्शन अझै सान्दर्भिक छ । उनले यौन शिक्षाको महत्वलाई जोड दिए, सले व्यक्तिलाई यौनको सकारात्मक र स्वस्थ पक्षबारे बुझ्न मद्दत गर्छ । उनको विचारमा, यौनलाई खुला रूपमा छलफल गर्नुपर्छ, ताकि यस सम्बन्धी अज्ञानता र भ्रम हटोस् । 'यौनबारे खुला छलफलले समाजलाई स्वस्थ र सन्तुलित बनाउँछ' उनी भन्छन् ।

कविता

# भानुभक्त



✍ईश्वरानन्द के.सी.
हाकिमचोक

भानु अर्को जन्म लिएर आऊ
तर खाली हात नआऊ ।
हातमा कलम कपि लिएर आऊ
अर्को जन्म लिएर आऊ ।

आउँदा मेरो घरको सानो झुपडीमा आऊ
चन्द्र सूर्य अंकित झण्डा फरफराएर आऊ ।
तर खाली हात नआऊ ।

३ करोड नेपालीको माझमा आऊ
चेतना, वृद्धि, विवेकको लेख लिएर आऊ ।
नयाँ अवतार भएर आऊ
तर हातमा कलम कपि चाँहि लिएर आऊ
तर खाली हात नआऊ ।

आउँदा भीमफेदीको बाटो हुँदै आऊ
बर पिपलको चौतारीमा म पर्खि बस्नेछु
तिम्रो प्रतिक्षा गरिरहनेछु ।
तिम्रो कोमल रूपी हातहरुले लेखेका
अक्षरहरु सलबलाई रहेका छन् ।
प्रतिक्षा गरिरहेका छन् ।
त्यसैले त अर्को जन्म लिएर आऊ ।

आउँदा कम्मरमा खुकुरी भिरेर आऊ
दौरा सुरवाल, कोट, टोपी पहिरिएर आऊ ।
कम्मरमा पटुकी कसेर आऊ
नेपाली पोशाकमा सजिएर आऊ
त्यसैले त अर्को जन्म लिएर आऊ
आउँदा मेरो घरको सानो झुपडीमा आऊ ।
अबिर र फुलमालाले भव्य स्वागत गर्नेछु ।
त्यसैले अर्को जन्म लिएर आऊ ।

हाँस्यव्यंग्य कविता

# एनि हाउ मिलेर खाऊ !

✍गायत्री लम्साल

मात्र एउटा मुख छ साथी,
यसमा बिर्को लाउने गरी खाऔँ ।
खानेकुरामा कन्जुस पटक्कै होइन है
दिनको ५० लाख मात्र किन ?
५० करोड रुपैया लिनु,
बरु अलिकति- चियोचर्चो गर्ने
आसेपासेलाई दिनु ।।
मिलेर खाएपछि
यसको विष कसैलाई लाग्दै-लाग्दैन ।

सबै पदको विशिष्ट पहिचान
खाने नै भएपछि,
जसले धेरै कमाउँछ उनै
ज्यूँदै स्वर्ग जाने भएपछि
रत्तिभर डर भन्ने कुरो मान्दै नमानि
असल नेता बन्नको लागि खानु ।
इमान्दार कर्मचारी भन्नको लागि खानु
उत्कृष्ट व्यापारी हुनको लागि खानु ।

सुशासनले एमराजको बुई चढिसक्यो
पदशासनको गरिमा बढाउन खानु ।
मन्त्री बनेर खानु, सचिव बनेर खानु
प्रमुख अड्डाको प्रमुख बनेर खानु ।
अन्यायलाई बेच्न सक्ने -नामी बनेर खानु ।
सबैलाई भागबिलो लगाउने-दानी बनेर खानु ।।


सबैले मिलेर खाएपछि,
खाद्य पदार्थ मात्र होइन ।
३३ क्विन्टल सुन पच्छ ।
दुर्गममा कहिल्यै नपुग्ने
चामल र नुन पच्छ
पचास लाख पच्छ
सत्तरी करोड पच्छ
भूकम्पको-त्रिपाल काण्ड पच्छ ।
तराइको साइकल काण्ड पच्छ
वाइडबडी पच्छ,
बालुवाटार र सिँहदरबार पच्छ ।।
यति र ओम्नी मात्र होइन साथी
सबैको घुम्ने कुर्ची पच्छ ।
लाजशरम पच्छ,
इमानजमान अनि
नैतिकता र सदाचार पच्छ ।
सबै काण्ड र सबै आन्दोलन पच्छ ।।

सबै मिलेर खाएपछि,
सबै दल र वादको विवाद मिल्छ ।
मरेको भोलिपल्ट सम्म
रिटायर्स हुन पर्दै-पर्दैन ।
१२ रेक्टरको भूकम्पले समेत
आफ्नो पदमानलाई हल्लाउन सक्दैन ।
कात्रो भित्र समेत सयौं गोजी
सिलाउन पाइन्छ,
नर्कमै भए तापनि
संवैधानिक निकायको प्रमुख पद
मिलाउन पाइन्छ ।
त्यसैले आउनुहोस् साथी
एनि हाउ सबै मिलेर खाऔँ ।।

# चित्रकला




अमित पटेल / कक्षा-१०, हेटौंडा एकेडेमी




खुसी श्रेष्ठ / हेटौंडा एकेडेमी






दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# भिजिट भिसामा अनुसन्धान चल्दाचल्दै सेटिङमा उडिरहेका छन् युवा

काठमाडौं/भिजिट भिसाका नाममा भएको असुली प्रकरणलाई लिएर अख्तियारले छानबिन गरिरहेको थियो । संसद्मा गृहमन्त्री रमेश लेखकलाई जवाफदेही बनाउन भन्दै प्रतिपक्षी दलको अवरोध जारी थियो । त्यहीबेला फूलकुमारी तामाङ, निमा मगर र दिनेश तामाङ चाहिं भिजिट भिसामा विदेश उड्ने तरखरमा थिए । काठमाडौंको एक म्यानपावर कम्पनी मार्फत कतार हुँदै ग्रिस जाने तयारी गरेका उनीहरूलाई अध्यागमनमा चलिरहेको तनावको कुनै पर्वाह थिएन । कतार एयरवेजबाट २४ जेठको राति १०:०५ बजे उड्ने विमानको टिकट लिएका उनीहरू निर्धक्क साथ विमानस्थल पुगे । विना कुनै अवरोध काठमाडौंबाट उडे ।




अर्थात्, सडकदेखि सदनसम्म हंगामा भइरहँदा पनि सेटिङमा नागरिक विदेश उड्ने क्रम रोकिएको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतहरूका अनुसार, यो प्रवृत्ति यसपटक मात्र देखिएको समस्या होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लोकमानसिंह कार्की प्रमुख आयुक्त भएका बेला २०७० फागुनमा खाडी मुलुकमा रोजगारीका लागि जाने कामदारसँग असुली गरेको आरोपमा वैदेशिक रोजगार र अध्यागमन विभागका कर्मचारीहरूलाई एकसाथ समातेको थियो । त्यसबेला म्यानपावर एजेन्ट मार्फत प्रतिव्यक्ति १० देखि २० हजार रुपैयाँसम्म असुली गरेको भेटिएपछि अख्तियार वैदेशिक रोजगार विभागको श्रम स्वीकृति शाखा र अध्यागमन डेस्कतिर पसेको थियो । त्यसबेला पनि अहिलेको अनुसन्धानमा खुले झैं कर्मचारीहरूले बिचौलियाले किनिदिएको फोन मार्फत नै सूचना आदानप्रदान गर्ने गरेको भेटिएको थियो ।

'अख्तियारले अनुसन्धान गरिरहेका बेला अध्यागमनका कर्मचारीहरूमा हलचल मच्चियो, सेटिङमा जाने क्रम रोकियो होला भन्ने भयो', त्यसबेला अनुसन्धानमा खटिएका एक प्रहरी अधिकृत भन्छन्, 'तर पछि थाहा भयो कि उल्टै कर्मचारीले रेट बढाएछन्, सेटिङमा नअटाउने चाहिं कतिपय भारत हुँदै तेस्रो मुलुकतिर जाने गरेका रहेछन् ।' अख्तियारले त्यो अपरेशन चलाएको एक दशकपछिको अवस्था पनि उही छ । अनुसन्धानपछि पनि भिजिट भिसाको सेटिङ पूर्णत: रोकिएको देखिन्न । विकल्पका रूपमा म्यानपावर र ट्राभल एजेन्सीका कर्मचारीले भारततिरबाट युवालाई विदेश पठाइरहेका छन् ।

दिल्लीस्थित नेपाली दूतावासका एक अधिकारी काठमाडौंमा भिजिट भिसाको असुलीमाथि अनुसन्धानले हल्लीखल्ली भएपछि बिचौलियाले विदेश जाने युवालाई भारततिर पठाउन थालेको बताउँछन् । 'अहिले दिल्लीको विमानस्थलमा तेस्रो मुलुक जाने नेपाली भेटिन्छन्, विगतमा पनि काठमाडौंमा अनुसन्धान हुँदा यस्तो हुने गर्थ्यो' उनी भन्छन्, 'सुनेको छु, भारुमा असुली गरेर बिचौलियाले नक्कली एनओसी र श्रम स्वीकृति समेत बनाइदिन्छन् ।' ती अधिकारीको भनाइलाई '४ असारमा पर्सामा भएको एउटा घटनाले' पुष्ट्याइँ गर्छ । सशस्त्र प्रहरी बलको ठोरी नाकामा खटिएको टोलीले चार महिला सहित ५ जनालाई नियन्त्रणमा लिंदा उनीहरू नयाँदिल्ली जान लागेको खुलेको थियो ।

इलाम र रोल्पाका २/२ जना महिलालाई सोधपुछ गर्ने क्रममा उनीहरू दिल्लीबाट भिजिट भिसामा तेस्रो मुलुक जान लागेको खुलेको प्रहरी स्रोत बताउँछ । उनीहरूलाई लिएर जाँदै गरेको आरोपमा चितवनको माडी नगर पालिका-८ का दीपक खड्कालाई समेत प्रहरीले नियन्त्रणमा लिएको थियो । 'यसले अनुसन्धानका बीच पनि भिजिट भिसाका नाममा असुली निरन्तर चलिरहन्छ भन्ने देखाउँछ' एक अनुसन्धान अधिकारी भन्छन्, 'त्यसैले लरतरो छानबिनले मात्र यो समस्या निमिट्यान्न हुनसक्दैन ।'

अधिकृतहरूका अनुसार, अख्तियारले एक दशकपछि उही मामिलामा छानबिन थाल्दा देखिएको परिवर्तन भनेको एउटा मात्र छ: त्यो हो यो बीचमा असुली संगठित र संस्थागत बनेको छ । कर्मचारीले घुस बाँडफाँडका लागि सफ्टवेयर नै प्रयोग गर्न थालेका छन्, असुली दर बढेर खाडी मुलुकका लागि प्रतिव्यक्ति ५० देखि ७५ हजार रुपैयाँ पुगेको छ । अर्को विधा थपिएको छ, ३ देखि ४ लाख रुपैयाँ रेटमा यूरोप जान सहजीकरण । अख्तियारका अनुसन्धान अधिकृतहरूका अनुसार, पहिले कालोसूचीमा भएका व्यक्तिहरू समेत विमानस्थलबाट उम्किएको सुनिदैथ्यो ।

तर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर छानबिन गरिरहेको अख्तियारले उनको पालामा भारतीय सुन तस्कर नै भागेको फेला पारेको छ । अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार, अध्यागमन विभागले कालोसूचीमा राखेको २४ घण्टा नबित्दै जागेश्वर साह नामक व्यक्ति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरेर दुबई पुगेका थिए । भारतमा साढे ९५ किलो सुन तस्करी प्रकरणमा 'मोस्ट वान्टेड' रहेका आरोपी जागेश्वर साह विमानस्थलबाट उम्किएपछि आन्तरिक छानबिन समिति समेत बनेको थियो । तर, दुई कर्मचारीलाई जिम्मेवारीबाट हटाएर यो घटनालाई गुपचुप फारिएको थियो । अहिले अनुसन्धानका क्रममा २१२ जना शिख समुदायका व्यक्ति समेत विना एनओसी (नो अब्जेक्सन लेटर) तेस्रो मुलुक पुगेको खुलेको छ । कतिपय व्यक्तिलाई नक्कली एनओसीका भरमा समेत विदेश पठाइएको खुलेको छ । लरेन्स विश्नोई समूहका दुई सदस्य समेत काठमाडौंस्थित विमानस्थल प्रयोग गरेर मलेसिया पुगेको खुलेको छ ।

### अध्यागमन जान हानथाप

अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार गृहमन्त्रीको सचिवालयसँग निकटता नभएका वा आर्थिक चलखेल नगर्ने अधिकारीहरूलाई अध्यागमनमा खटिन सकस पर्ने स्थिति थियो । पहुँच भएका केही सुब्बा र अधिकृतहरू चाहिं लामो समयदेखि त्यहीं खटिइरहेका थिए । शक्तिशाली जतिलाई खटाइने गरि एकैले विमानस्थलमा दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत थिए । 'व्यवस्थित रूपमा रकम बाँडफाँड हुने कारणले कर्मचारीहरू रकम बुझाएरै जान तयार हुन्थे, अनौपचारिक कुरा गर्दा कम्तीमा ४ लाख रुपैयाँ बुझाएर गएको भन्ने कर्मचारीहरू भेटिए' अख्तियारका एक अधिकारी भन्छन्, 'अध्यागमन जान किन कर्मचारीहरू लाखमा रकम बुझाउन तयार हुन्थे भन्ने विचार मात्र गर्ने हो भने पनि त्यसले धेरै कुरा बताउँछ ।'

उपत्यका अपराध अनुसन्धान कार्यालयले पनि डेढ वर्षअघि भिजिट भिसामा जानेहरूबाट असुली भइरहेको भन्ने सूचना पाएर निगरानी गरेको थियो । त्यसक्रममा १८ मंसिर २०८० मा तत्कालीन डीएसपी गोविन्द पन्थी नेतृत्वको टोलीले अध्यागमन अधिकृत नरवीर खड्कालाई होटल बाल्टिकमा फेला पारेको थियो । भिजिट भिसाको नाममा हुने असुलीमा संलग्न रहेको सूचना पाएर पछ्याइरहेको प्रहरीले खड्कालाई होटलबाट बाहिर निस्किनेवित्तिकै पक्राउ गरेको थियो ।

त्यस क्रममा उनको मोबाइलबाट ६६ जना युवाको सूची फेला पर्‍यो, जो केही दिनअघि मात्र विदेश उडेका थिए । उनको साथमा ३ लाख रुपैयाँ समेत फेला परेको थियो । पछि उनीसँग मिलेर निमा छिरिङ ट्राभल्सले मात्र छोटो अवधिमा ३०० जनालाई विदेश पठाएको खुलेको थियो । अझ गम्भीर विषय त, नरवीर सहितको समूहले नेपाली युवालाई रूसी सेनामा पठाउने गिरोहलाई समेत साथ दिएको पाइएको थियो । रूसी सेनाबाट फर्किएका एक व्यक्तिले दिएको उजुरीमाथि अनुसन्धान गर्दै जाँदा गोविन्द रिमाल नामक व्यक्ति पक्राउ परेका थिए । उनको बयानमा भिजिट भिसामा विदेश जाने सेटिङ मिलाउन थिनै खड्काले सहयोग गरेको खुलेको थियो ।

अनुसन्धान चलिरहेको थाहा पाएर तत्कालीन अधिकृत ताराबहादुर कुँवरले पहिल्यै काज सरुवा लिएको पाइएको थियो । उनीहरूसँगै संगठित अपराध र ठगीमा मुद्दा दर्ता भएका अधिकृत विमल पौडेल चाहिं हालका गृहमन्त्री रमेश लेखककै सचिवालयमा कार्यरत थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विमानस्थलमा छापा मारेर सहसचिव भट्टराईलाई नियन्त्रणमा लिएपछि पौडेल उनको सचिवालयमा कार्यरत रहेको खुलेको थियो ।

प्रहरीसँग बयान दिने क्रममा नरवीरले ७ जना सदस्य रहेको भिजिट भिसा सहजीकरण समिति रहेको र त्यस मार्फत सबैलाई रकम जाने बताएको स्वीकारेका थिए । खासमा त्यो समिति भिजिट भिसामा जाने नागरिकले दु:ख पाएको भन्दै सहजीकरणका लागि बनाइएको थियो, तर त्यही समितिका अधिकृतहरू नै असुलीमा संलग्न रहेको देखिएको थियो । 'त्यो रकम कहाँ-कहाँ साथीहरू विभाजन गर्छन् मलाई जानकारी हुँदैन, औसतमा प्रत्येक कर्मचारीको भागमा ४०/५० हजार हुन्छ', प्रहरीले त्यसबेला खिचेको भिडियोमा खड्काले भनेका छन् ।

### अन्तर्राष्ट्रिय छविमा असर

नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) सुरेन्द्रबहादुर शाहका अनुसार, अहिले चर्चामा रहेको भिजिट भिसा प्रकरणलाई कर्मचारी संलग्न एउटा भ्रष्टाचारको घटनाका रूपमा मात्र हेर्न मिल्दैन । 'अन्तर्राष्ट्रिय विमानस्थल र त्यहाँको अध्यागमन अन्तर्राष्ट्रिय सुरक्षासँग पनि जोडिने विषय हो' उनी भन्छन्, 'यस्तो अन्तर्राष्ट्रिय विमानस्थलबाट कालोसूचीमा परेकादेखि सुन तस्कर सम्म विदेश उडेका विषय सार्वजनिक हुनु देशको लागि गम्भीर चिन्ताको विषय हुनुपर्ने हो ।'

हाल सार्वजनिक भएको विषयको गहिराइमा अनुसन्धान नहुने हो भने यो प्रकरणले दीर्घकालीन असर पार्न सक्ने जानकारहरू बताउँछन् । जस्तै, सन् १९९९ मा काठमाडौंबाट नयाँदिल्लीका लागि उडेको आईसी-८१४ जहाज अपहरण भएपछि हालसम्म भारतीय जहाजहरूले रनवेमा छुट्टै सुरक्षा जाँच गर्छन् । यो जाँचमा भारतीय सुरक्षा अधिकृतहरू नै संलग्न हुन्छन् । 'अहिलेको भिजिट भिसा प्रकरणको गम्भीर अनुसन्धान नहुने हो भने भोलि नेपालबाट दुबई, युरोप वा अरू कुनै पनि मुलुकमा जाने मानिसहरूलाई अधिक शंकाले हेर्ने सम्भावना हुन्छ' शाह भन्छन्, 'यो नेपालको छविलाई अन्तर्राष्ट्रियस्तर मै असर गर्ने विषय हो ।'

विदेशी मुलुकहरूले कुनै घटना सतहमा आएपछि त्यसपछिको कारबाही प्रक्रिया र सुधारका लागि अपनाएका विषयहरूलाई महत्वका साथ लिने गर्छन् । जस्तै, अमेरिकामा अलकायदाले आतंकवादी हमला '९/११' गराएपछि त्यहाँ डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी नै स्थापना भयो, अन्तरनिकाय इन्टलिजेन्स आदानप्रदानका लागि संयन्त्र बन्यो । विमानस्थल अध्यागमनको पछिल्लो प्रकरणमा भारतीय, बंगलादेशी नागरिकलाई समेत विदेश पठाएको पाइएकाले यस्तो गतिविधिमा नेपाल निर्मम रूपमा उभिन्छ भन्ने सन्देश छिमेकीहरूलाई समेत दिनुपर्ने जानकारहरू बताउँछन् । र, त्यो सन्देश दिने भनेको अध्यागमन सेटिङको गहिराइमा छानबिन गर्ने हो, जोसुकै संलग्न भए पनि कार बाहीको दायरामा ल्याउने हो । 'नीतिगत सुधारका लागि कदम चाल्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ' संसद्मा भिजिट भिसा मामलामा अनुसन्धानको माग गरिरहेको रास्वपाकी सांसद सुमना श्रेष्ठ भन्छिन्, 'यो कामका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्न प्रमुख दलहरू तयार हुनुपर्छ ।'

### सरकारले प्रतिबन्ध लगायो, बिचौलियाले असुले

अहिले चर्चामा रहेको 'भिजिट भिसा' निश्चित समय घुम्न जाने र फर्किएर आउनलाई दिइने पर्यटक भिसा हो । तर, नेपाली युवा मोटो रकम बुझाएर किन भिजिट भिसामा श्रम गर्न विदेश गइरहेका छन् ? यसको जवाफ पाउन २०६० को दशकतिर फर्किनुपर्छ । त्यसबेलै प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले रातो पासपोर्ट दुरुपयोग प्रकरणमा सांसदहरूलाई छानबिनको दायरामा ल्याएको थियो । अनुसन्धानमा संलग्न अधिकृतहरूका अनुसार, एमआरपी (मेसिन रिडेबल पासपोर्ट) नआउञ्जेल फोटो परिवर्तन गराएर भारतीय र बंगलादेशी नागरिकलाई विदेश पठाउने क्रम चलेको थियो ।

'अहिले भिजिट भिसा प्रकरणमा जस्तै अर्को व्यक्तिलाई सहजै विदेश पठाउने र त्यहाँ पुगेर भिसा परिवर्तन गर्ने धन्दा थियो त्यो' अनुसन्धानमा संलग्न एक अधिकृत भन्छन्, 'त्यसैले प्रहरीको रेकर्डमै र हेर भन्नुपर्दा विदेश जाने युवाबाट हुने असुली त्यही बेलाबाट शुरू भएको ठान्नुपर्छ ।' माओवादी शान्ति प्रक्रियामा आएपछि घरेलु कामदारका रूपमा महिलाहरू विदेश जाने क्रम पनि बढ्यो । २०७० को दशकतिर आइपुग्दा त्यसरी कुवेत र ओमानमा गएका महिलाहरू यौन हिंसामा परेकोदेखि बन्धक बनेकासम्म समस्याहरू दिनहुँ सार्वजनिक हुन थाले ।

'त्यसबेला दूतावासहरूले दैनिक एकदेखि डेढ सय महिलालाई उद्धार गर्नुपर्ने स्थिति भयो, त्यो समस्या राज्यको नियन्त्रण बाहिर पुग्यो' भिजिट भिसा प्रकरणमा अनुसन्धान गरेका पूर्व डीएसपी गोविन्द पन्थी भन्छन्, 'त्यसपछि भिजिट भिसामा ओमन र कुवेतमा घरेलु कामदारका रूपमा पठाउन प्रतिबन्ध लाग्यो ।' २०७३ सालमा महिलाहरू अप्ठ्यारोमा परेको निष्कर्ष सहित संसद्को तत्कालीन अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले मलेसिया तथा खाडी मुलुकमा कामदार पठाउन रोक लगाउन निर्देशन दियो । त्यसयता मानव तस्करीमा संलग्न गिरोहले अध्यागमनका कर्मचारीहरूको मिलेमतोमा भिजिट भिसामा महिलाहरूलाई विदेश पठाउने धन्दा चलाइरहेका छन् ।

कतिसम्म भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पछिल्लो समय मध्यराति नियमित उडान हुने कुवेत एयरलाइन्समा अधिकांश सेटिङमा उड्ने महिलाहरू हुन्थे । राति उडान हुने फ्लाई दुबई, जजिरा, एयर अरेबिया लगायतमा पनि अधिकांश सेटिङका यात्रुहरू हुने सूचना रहेको अख्तियारका अनुसन्धान अधिकारीहरू बताउँछन् । रूसी सेनामा नेपाली नागरिक सैनिकका रूपमा भर्ती हुन थालेपछि सरकारले त्यहाँ जान प्रतिबन्ध लगाएको थियो । तर, प्रतिबन्धका बाबजुद सेटिङमा कर्मचारीको मिलेमतोमा सयौं महिलालाई विदेश पठाएको भेटिएको अनुसन्धान अधिकृतहरू बताउँछन् ।

जानकारहरूका अनुसार, श्रम स्वीकृति लिने झन्झटिलो र लामो प्रक्रियाका कारण समेत कतिपय युवा भिजिट भिसामा विदेश गएर पछि भिसा परिवर्तन गर्ने गर्छन् । विगतमा श्रम स्वीकृति लिन समेत अध्यागमनमा झैं सेटिङ भएको अख्तियारकै जाँचमा खुलिसकेको छ । अख्तियारले २८ कात्तिक २०७४ मा वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक विश्वराज पाण्डेलाई पक्राउ गरेको थियो, जो पक्राउ पर्नु केही महिना अघिसम्म श्रम विभागको नेतृत्व गरिरहेका थिए ।

### सरकारी नीतिमै समस्या

भिजिट भिसामा जाने युवाले दु:ख पाउने क्रम बढेको भन्दै कांग्रेस नेता बालकृष्ण खाँण गृहमन्त्री भएका बेला तत्कालीन सहसचिव फणिन्द्रमणि पोखरेलको नेतृत्वमा छानबिन समिति बनेको थियो । यो समितिले बुझाएको प्रतिवेदनका आधारमा २६ फागुन २०७८ मा गृह मन्त्रालयले भिजिट भिसामा जानेहरूका लागि १७ बुँदे निर्देशिका जारी गरेको थियो । यो कार्यविधिमा भिजिट भिसामा जान चाहने व्यक्ति न्यूनमत कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्ने, खाडी मुलुकभन्दा बाहिर जान कम्तीमा एक पटक र खाडी मुलुकका हकमा दुई पटक विदेश यात्रा गरिसकेको हुनुपर्ने, अंग्रेजी वा गन्तव्य मुलुकमा बोलिने भाषाको राम्रो सीप भएको हुनुपर्ने जस्तो प्रावधानहरू राखिए ।

'खासमा घुम्न जाने मानिसहरूका लागि प्रावधानहरू ठिकै पनि थिए होलान्, तर जसरी धेरै शर्तहरू राखिए, त्यसमै टेकेर मानव तस्करले असुलीको रेट बढाए' अधिवक्ता समेत रहेका पन्थी भन्छन्, 'त्यसबेला नक्कली कागजात बनाइदिने देखि असुली गरेर अध्यागमन पार लगाउने काम भएका थिए ।'

१७ बुँदेबारे समेत प्रश्न उठ्न थालेपछि २०८० माघमा त्यसलाई खारेज गर्दै ६ बुँदे निर्देशिका जारी भएको थियो । त्यो निर्देशन अनुसार 'जसले राहदानी, भिसा, टिकट, होटल बुकिङ वा आफन्तले स्पोन्सर गरेको कागजात पेश गर्छ उसलाई अनुमति दिने' प्रावधान राखियो । त्यस्ता व्यक्तिको साथमा ५०० डलर र स्वघोषणामा फारम पनि भर्नुपर्ने भनिएको थियो ।

यसपछि भिजिट भिसामा विदेश जाने प्रक्रिया केही सहज त भयो, तर असुली रोकिएन । राज्य संयन्त्रमा रहेकाहरूका लागि भिजिट भिसाको नाममा असुली स्थायी आम्दानीको स्रोत बनेकाले यसलाई रोक्न गम्भीर पहल नगरिएको कतिपयको आरोप छ । 'जुनसुकै सरकार भए पनि राज्य सञ्चालन गर्नेहरू नै लाभान्वित भइरहेकाले यो नरोकिएको हो', एक प्रहरी अधिकृत बताउँछन् । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न ठोस व्यवस्थापन नहुञ्जेलका लागि मलेसिया सहितका खाडी मुलुक पठाउन रोक लगाउने भनिएको थियो । 'यदि सरकार यो समस्या हल गर्न इच्छुक थियो भने त्यो समस्या व्यवस्थापनको काम गर्न किन प्रयास गरेन ?' उनी प्रश्न गर्छन्, 'त्यो नीतिलाई पुनरावलोकन गर्न किन कहिल्यै छलफल भएन ?'

यसका लागि केही निश्चित कदमहरू चाल्न सकिने अनुसन्धान अधिकृतहरू बताउँछन् । कतिपयको भनाइमा, यदि सरकार साँच्चै गम्भीर थियो भने कूटनीतिक माध्यमबाट सरकारले खाडी मुलुकहरूसँग समेत भिजिटमा जाने नेपालीलाई कामदार भिसा परिवर्तन गराउने विषयमा कडाइ गरिदिन अनुरोध गर्न सक्थ्यो । भिजिट भिसामा गएर नागरिकले पाइरहेको दु:खबारे छलफल गर्न सक्थ्यो । भिजिट भिसामा जानेको रेकर्ड राख्ने र तोकिएको अवधिमा फिर्ता नभए अवैध रूपमा बसिरहेको भन्दै सम्बन्धित मुलुकलाई पत्राचार गर्न सक्थ्यो ।

*(स्रोत: अनलाइनखबर)*

# 'माग्ने राजा'मा केदारको पारिश्रमिक ६१ लाख



काठमाडौं/नेपाली फिल्म क्षेत्रमा कलाकारको पारिश्रमिकको चर्चा बेला बखतमा ठूलै हुने गर्छ । गत वर्षसम्म यो चर्चा अनमोल केसीका कारण हुन्थ्यो । किनकि, सबैभन्दा महँगो पारिश्रमिक उनैले बुझ्थे । एउटा फिल्ममा ५० लाख पारिश्रमिक लिने उनी नै पहिलो अभिनेता हुन् । तर, अब सर्वाधिक पारिश्रमिक लिने होडमा हास्य कलाकार केदार प्रसाद घिमिरे 'माग्ने बुढा' सबैभन्दा अगाडि आएका छन् ।

गत वर्ष फिल्म 'माग्ने राजा'मा केदार अनुबन्धित भएपछि उनी सर्वाधिक महँगा कलाकार बनेको भन्दै ठूलो चर्चा भएको थियो । तर, उनको पारिश्रमिक खुलाइएको थिएन । चर्चा भने ५५ लाखसम्मको चल्यो । शुक्रबार फिल्मको पोस्टर सार्वजनिक कार्यक्रममा निर्माता आफैंले उनलाई तिरेको पारिश्रमिकबारे खुलासा गरेका छन् । निर्माताको खुलासाले कार्यक्रममा धेरैले जिब्रो टोकेका थिए ।


घोराही उपमहानगर पालिका-४ का वडाध्यक्ष समेत रहेका निर्माता मुनाल घिमिरेका अनुसार ६१ लाख रुपैयाँ पारिश्रमिकमा उनलाई फिल्ममा अनुबन्धित गरिएको हो । उनले कार्यक्रममा भने, 'म कलाको मन्दिर (प्रज्ञा प्रतिष्ठान)लाई साक्षी राखेर भन्छु, केदार घिमिरेलाई सम्झौताको बेला ५१ लाख दिएको हुँ । अझै १० लाख दिन बाँकी नै छ । उहाँलाई ६१ लाख तिर्ने प्रतिबद्धता भएको हो ।'

कार्यक्रममा पारिश्रमिक बापत राज्यलाई तिर्नुपर्ने करको विषयमा पनि पत्रकारले प्रश्न गरेका थिए । जसको जवाफमा केदारले भने, 'म इमानदारिताका साथ कर तिर्छु । सबै पैसा आइसकेको छैन । आएपछि तिर्छु । राज्यलाई कर नतिरिकन यसो र उसो भएन भन्दैनौं हामी ।' केदारले फिल्ममा ६१ लाख पारिश्रमिक लिएका हुन् भने उनले राज्यलाई ९ लाख १५ हजार रूपैयाँ कर तिर्नुपर्नेछ ।

निर्देशक ऋषि लामिछानेलाई भने केदारलाई तिरेको ६१ लाख पनि कम भयो भन्ने लाग्छ । उनी भन्छन्, 'मलाई त केदार घिमिरेलाई ६१ लाख दिएर गल्ती गर्‍यौं भन्ने लाग्छ । उहाँलाई एक करोड दिनुपर्ने रहेछ । उहाँको जुन मिहिनेत र समर्पण छ, त्यो अद्भूत छ । उहाँ रातको ११ बजे समेत स्क्रिप्टमा छलफल गर्न आउनुहुन्थ्यो । त्यस्तो अभिनेतालाई ६१ लाख धेरै कम हो, एक करोड दिनुपर्छ ।'

# 'अञ्जिला'ले पूरा गर्‍यो सय दिन, कमाइ कति ?

काठमाडौं/राष्ट्रिय महिला फुटबल टिमकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवन संघर्षमा आधारित रहेर बनेको फिल्म 'अञ्जिला'ले प्रदर्शनमा अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । शुक्रबार फिल्मले प्रदर्शनको सय दिने दुर्लभ यात्रा पूरा गरेको हो । यो फिल्म काठमाडौंको क्यूएफएक्स चेनको सामाखुसीस्थित सिटी स्क्वायर मलमा एक सय दिनसम्म चलेको हो ।




सय दिनको अवसरमा भने क्यूएफएक्सको सिटी स्क्वायर हलसहित काठमाडौंकै कीर्तिपुर सिनेप्लेक्स, इटहरीको इलाइट हल, बिर्तामोडको पाथीभरा सिनेप्लाजा, चितवन पर्सा बजारको म्याङ्गो जनज्योति सिनेमा र विराटनगरको सेन्ट्रल मल्टीप्लेक्समा फिल्म प्रदर्शन भइरहेको छ । एक सय दिनको अवधिसम्म फिल्मले १२ करोडमाथि कमाइ गरेको निर्माताको दाबी छ ।

'अञ्जिला' गत फागुन २९ गतेबाट प्रदर्शनमा आएको थियो । 'वर्ड अफ माउथ' बलियो हुँदा फिल्मले प्रदर्शनको तेस्रो सातासम्म आकर्षक कमाइ गरेको थियो । यो गत वर्षको अन्तिम सुपरहिट फिल्म हो । साथै, २०८१ सालमा सर्वाधिक कमाइ गर्ने फिल्मको उत्कृष्ट पाँचमा समेत अटाएको छ । नेपालमा फिल्म राम्रो चलेपछि विदेश र इट्सबाटै निर्माताले लगानी सुरक्षित गरेका थिए ।

मिलन चाम्सको निर्देशनमा तयार भएको 'अञ्जिला'मा कप्तान एन्जिला आफैं मुख्य भूमिकामा छिन् भने दयाहाङ राई, सिर्जना सुब्बा, विजय बराल, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठ लगायतको पनि अभिनय रहेको छ । यसका निर्माता प्रेमकुमार श्रेष्ठ हुन् । यो फिल्मको आम्दानीबाट एन्जिलाका लागि काठमाडौंमा घर खरिद गर्ने तयारीमा निर्माता श्रेष्ठ छन् ।

# फिल्म मात्र गर्नेभन्दा आफू लोकप्रिय रहेको पलको तर्क

काठमाडौं/निसन्देह ! अभिनेता पल शाहको दर्शकमाझ ठूलो लोकप्रियता छ । त्यो लोकप्रियता उनलाई फिल्मभन्दा बढ्ता म्यूजिक भिडियोले नै दिलाएको हो । उनले खेलेका भिडियोहरु कहिल्यै नेपाली फिल्म नहेरेका दर्शकले समेत हेरेका छन् । भिडियोबाटै उनी देशको दूरदराजसम्म परिचित छन् । यसैले त उनी जहाँ जान्छन्, त्यहाँ उनको एक झलक हेर्न दर्शकहरूको ठूलो भीड उर्लिने गरेको छ ।

तर, भिडियोले उनलाई लोकप्रिय बनाए पनि त्यसले उनको फिल्म करिअरलाई भने असर गरि रहेको छ । उनका भिडियो दिनहुँ सार्वजनिक हुन्छन् । जसले गर्दा उनका फिलमका गीतलाई समेत दर्शकले म्यूजिक भिडियो ठान्ने अवस्था सिर्जना भएको छ । र, भिडियोमा धेरै देखिँदा उनका फिल्मप्रति नै दर्शकको रुचि घटेको छ । उनका पछिल्ला फिल्मको असफलताले पनि यो दर्शाउँछ ।

तर, पल भिडियोले आफ्नो फिल्मी करिअरलाई असर गरेको स्वीकार्न तयार छैनन् । बरु बाटोमा हिँड्दा पनि फिल्म मात्र गर्नेलाई भन्दा आफूलाई दर्शकले बढी चिन्ने गरेकोमा दंगदास छन् । बिहीबार एक कार्यक्रममा त उनले हाक्काहाक्की नै भनिदिए, 'फिल्म हलमा हेर्ने कति कलाकारलाई बाटोमा हिँड्दा धेरैले चिन्दैनन् । को आयो, को गयो थाहा हुन्न । तर, मलाई बोर्डरमा पनि चिन्छन् ।'

पलको यो भनाइबाट के प्रष्ट हुन्छ भने उनले आफू चिनिनुलाई नै सबैभन्दा ठूलो उपलब्धि मानेका छन् । र, यसैका लागि भिडियो गरिरहेका हुन् । उनी प्रष्ट छन्, 'फिल्म मात्र गरेर कसैले चिन्दैनन् ।' तर, बाटोदेखि बोर्डरसम्म चिनिएका उनै पलका फिल्म रिलिज हुँदा हलमा दर्शकको खडेरी किन हुन्छ ? उनको लोकप्रियता नि:शुल्क युट्युबमा हेरिने भिडियोमा मात्र सीमित हो ? प्रश्न उठ्छ नै ।

बिहीबारको कार्यक्रममा पलले फिल्म मात्र गर्ने कलाकारले म्यूजिक भिडियो नगर्नुको कारण अफर नआएर रहेको विवादास्पद अभिव्यक्ति समेत दिएका छन् । उनले भनेका छन्, 'मलाई भिडियोबाट अफर आइरहेको छ, यसैले काम गरिरहेको छु । अरुलाई अफर आएको भए अरुले पनि खेल्नुहुन्थ्यो । एउटा भिडियो बापत ४/५ लाख रूपैयाँ दिन्छु भनेर कसैले भन्यो भने कसले खेल्दैन ?' यो अभिव्यक्तिबाट पलले भिडियोमा आफ्नो ठूलो डिमान्ड रहेको तर फिल्म मात्र गर्ने कलाकार लाई भिडियोका लागि कसैले ४/५ लाख अफर नगरेको प्रष्ट रुपमा भन्न खोजेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# आक्रमणमा संलग्नलाई तत्काल पक्राउ नगरे आन्दोलनमा उत्रने चेतावनी



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ नेपाली कांग्रेस हेटौंडा उपमहानगर कमिटीले हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेमाथि भएको सांघातिक आक्रमणमा संलग्नलाई तत्काल पक्राउ नगरे आफूहरु आन्दोलनमा उत्रने चेतावनी दिएको छ ।

शुक्रबार प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठसहित प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानका प्रमुखसमक्ष नगर सभापति उत्सव इटेनीले हेटौंडा दिनप्रतिदिन असुरक्षित हुँदै गइरहेको र प्रहरी प्रशासनले पूर्णरुपमा असफल हुने बाटोतर्फ अग्रसर भएको आरोप लगाएका छन् । प्रहरी प्रशासनबाट ५० मिटरको दुरीमा रहेको वडा कार्यालयमा जनप्रतिनिधिमाथि नै आक्रमण हुनुले प्रशासनमाथि नै शंका उब्जाएको सभापति इटेनीले बताए ।

उनले घटनामा संलग्नलाई तत्काल पक्राउ गरी कारबाही प्रक्रियामा नल्याएको खण्डमा आफूहरु आन्दोलनमा उत्रन बाध्य हुने बताए । सभापति इटेनीले हेटौंडा सिमेन्ट उद्योगको कवाडी चोरी भएको विषयमा प्रहरी र प्रशासनले केही गर्न नसकेको उल्लेख गरेका छन् । जनप्रतिनिधिको गुनासो समेत प्रशासन कार्यालयबाट सम्बोधन नहुँदा जिल्लाबासीले कसरी सुरक्षित महसुस गर्न सक्छन् ? भन्दै उनले प्रजिअ श्रेष्ठलाई प्रश्न गरे ।

सभापति इटेनीले प्रशासनको अनुरोध अनुसार केहीदिनभित्र पर्खने र त्यसपछि पनि वडाअध्यक्ष न्यौपानेमाथि सांघातिक आक्रमण गर्ने पक्राउ नगरेको खण्डमा आफूहरु प्रशासनविरुद्ध आन्दोलन गर्ने बताएका छन् । त्यसैगरी जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी श्यामु अर्यालले घटनाको सुक्ष्म ढंगले अनुसन्धान भइरहेको बताए । सिसिटिभी फुटेजमा देखिएका व्यक्तिको पहिचान हुन नसक्दा समस्या भएको उनको भनाई छ ।

प्रजिअ श्रेष्ठले प्रशासनको काममा शंका नगर्न आग्रह गरिन् । समाजको शान्तिसुरक्षाको प्रत्याभूति दिलाउन आफूहरु प्रतिबद्ध रहेको उनले दाबी गरिन् । केही दिन अघि राप्तीरोडस्थित दास ईम्पोरियमका संचालकमाथि भएको आक्रमण, नगर प्रवक्ता तथा हेटौंडा-१ का अध्यक्ष न्यौपानेमाथि भएको आक्रमणले हेटौंडा असुरक्षित बन्दै गएको बताइएको छ ।

# आधारभूत फुटबल रेफ्री तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा हेटौंडामा आधारभूत फुटबल रेफ्री तालिम सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाले शुक्रबार एक कार्यक्रमका बीच तालिमको उद्घाटन गरिन् । हेटौंडा-६ गौरीटारमा एक सातासम्म चल्ने तालिममा बागमती प्रदेशका १३ जिल्लाबाट ३ महिला सहित ४१ जनाको सहभागिता रहेको छ । उद्घाटन कार्यक्रममा नगरप्रमुख लामाले हेटौंडालाई खेलकुदमय उपमहानगर बनाउन लागिरहेको बताइन् ।

पछिल्लो समय हेटौंडामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता उल्लेख्य मात्रामा भइरहेको दाबी गर्दै हेटौंडाबाट खेलाडी उत्पादनका लागि खेलकुदका गतिविधि सञ्चालन भइरहेको उनले बताइन् ।

युवा र खेलक्षेत्रलाई उपमहानगरपालिकाले प्राथमिकतामा राखेर काम गरिरहेको उनको दाबी थियो । नेपालमा भविष्य छैन भनेर विदेशिने क्रम बढिरहेको अवस्थामा युवा जनशक्तिले नेपालमै सम्भावना देखेर तालिममा सहभागी हुनु प्रशंसनीय रहेको नगरप्रमुख लामाले बताइन् ।

रेफ्रीको भूमिका महत्वपूर्ण हुनुका साथै चुनौतीपूर्ण पनि हुने उनको धारणा थियो । नगरप्रमुख लामाले राज्यका हरेक अङ्गहरु मर्यादित र विधिवत्रुपमा चल्नुपर्नेमा जोड दिइन् । तालिममा सहभागीलाई फुटबलका नियम, रेफ्रीको भूमिका, खेल व्यवस्थापन, संकेत, सञ्चार, शारीरिक तन्दुरुस्ती लगायत विषयमा प्रशिक्षण दिइने बताइएको छ ।

प्रशिक्षक सचिन अमात्य, बीरेन्द्र पाण्डे, रोजिन श्रेष्ठ र कल्पना शर्माद्वारा प्रशिक्षण दिने कार्यक्रम रहेको छ । तालिम संयोजक अमृत लुङबाको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तान, फुटबल महासंघ बागमतीका महासचिव लवराज ठकुरीलगायतको उपस्थिति थियो ।

# गृह मन्त्रालयको सर्क्लुर भन्दै पत्रकारलाई भिडियो खिच्न रोक




साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ जिल्ला प्रशासन कार्यालय मकवानपुरमा शुक्रबार पत्रकारहरुलाई भिडियो खिच्न रोक लगाइएको छ ।

जनप्रतिनिधिमाथिको आक्रमणसम्बन्धी छलफल तथा ज्ञापनपत्र बुझाउने कार्यक्रमको समाचार संकलन गर्न पुगेका पत्रकारलाई प्रवेशमा रोक लगाउँदै कार्यकक्षभित्र दृश्य खिच्न निषेध गरिएको हो । प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठको कार्यकक्षमा जनप्रतिनिधि माथिको आक्रमण सम्बन्धी छलफल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ज्ञापनपत्र र कांग्रेस मकवानपुरको ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रम थियो ।

तर, कार्यक्रममा समाचार संकलनका लागि पुगेका नेपाल टेलिभिजनका भावना रिजाल, रातोपाटी डटकमका गणेश दुलाल लगायतलाई सुरक्षा गार्डमार्फत् कार्यकक्ष प्रवेशमा नै रोक लगाइएको हो । कार्यकक्षभित्र प्रवेश पाएका टिम टेलिभिजनका संवाददाता मनिल महतो लगायतका केही पत्रकारले दृश्य खिच्न खोज्दा प्रजिअ श्रेष्ठले गृह मन्त्रालयको सर्कुलर भन्दै नखिच्न भनिन् । यसबारे केहीबेर भनाभनसमेत भएको थियो ।

पत्रकारले सहजरुपमा समाचार संकलन र दृश्य कैदगर्ने अधिकार माग गरेपनि श्रेष्ठले मौन बस्दै कार्यक्रम अगाडि बढाएको अवस्था थियो । अन्ततः पत्रकारको क्यामेरा र मोवाइल बन्द गराएपछि मात्र कार्यक्रम संचालन गरिएको थियो । घटनाप्रति पत्रकार महासंघ मकवानपुर, प्रेस युनियन, प्रेस सेन्टर मकवानपुरले विज्ञप्ति जारी गर्दै आपत्ति जनाएको छ ।

# रास्वपाद्वारा प्रजिअमार्फत् संघीय सरकारको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ भिजिट भिसाको दुरुपयोग तथा मानवतस्करीसम्बन्धी उच्चस्तरीय छानबीन समिति गठनको माग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरले संघीय सरकारको ध्यानाकर्षण गराएको छ ।

शुक्रबार पार्टीका जिल्ला सभापति भरत पराजुलीको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठमार्फत संघीय सरकारलाई ध्यानाकर्षणपत्र बुझाएको हो । अध्यागमन कार्यालय, ट्राभल एजेन्सी, मेनपावर कम्पनी मार्फत् युवालाई गैरकानुनी तरिकाले तेश्रो मुलुकमा पुऱ्याउने कार्य कानुनी शासन र मानवअधिकारमाथिको गम्भीर प्रहार भएको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ ।

छानबीन समितिको कार्यक्षेत्र र अधिकार निर्धारण गर्न कार्यसम्पादन समिति गठन गरी छानबीन समिति गठन गर्न समेत माग गरिएको छ । मानवतस्करी जस्तो गम्भीर विषयमा निष्पक्ष छानबीनको लागि गृहमन्त्री रमेश लेखकको राजीनामा माग गरिएको सभापति पराजुलीले बताए । यही विषयलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राप्रपाका सांसदहरुले शुक्रबारको प्रतिनिधिसभाको बैठक बहिष्कार गरेका छन् ।

सभामुख देवराज घिमिरेले कार्यसूचीलाई अगाडि बढाउन खोजेपछि रास्वपा र राप्रपाका सांसदहरुले उठेर विरोध जनाएका थिए । भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखक पनि मुछिएपछि रास्वपा र राप्रपाका सांसदहरुले गृहमन्त्रीको राजीनामा र उच्चस्तरीय छानबीन समिति बनाउनुपर्ने माग राख्दै आएका छन् । सभामुखले कार्यसूची अगाडि बढाएपछि उनीहरु बैठककक्ष छोडेर बाहिरिएका हुन् ।

# अपाङ्गता भएका ३३ परिवारलाई व्यवसाय प्रवर्द्धनमा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ हेटौंडा उपमहानगरपालिकाले नगर क्षेत्रका विभिन्न वडामा बसोबास गर्दै आएका अपाङ्गता भएका ३३ जनाको परिवारलाई कृषि व्यवसाय प्रवर्द्धनका लागि सहयोग गरेको छ ।




अपाङ्गता भएकाको क्षेत्रमा काम गरिरहेको अपाङ्ग सरोकार केन्द्रसँगको समन्वयमा उपमहानगर क्षेत्रमा रहेका परिवारलाई बाखा, बंगुर र मौरीको घार सहयोग गरेको हो । कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उपमहानगरप्रमुख मीनाकुमारी लामाले २६ परिवारलाई बाखा, ५ परिवारलाई मौरीको घार र २ परिवारलाई बंगुर वितरण गरिएको सरोकार केन्द्रका अध्यक्ष गणेशचन्द्र दवाडीले जानकारी दिए ।

व्यवसाय प्रवर्द्धन कार्यक्रममा नगरप्रमुख लामाले बीऊपुँजीको रुपमा उपमहानगरले सहयोग गरेको बताइन् । बीऊलाई मास्ने नभई बिस्तार गर्दै लैजानेतर्फ लाग्न जरुरी रहेको उनको सुझाव थियो । शारीरिकरुपमा अशक्त भएपनि घरमै रहेर दिगो आयआर्जनको पाटोमा जुटेकोमा खुशी व्यक्त गर्दै उपमहानगर सधैं सहयोगीको भूमिकामा रहने बताइन् ।

उनीहरुले ९६ वटा बाखा, २० वटा बंगुर, ११ वटा मौरीको घार र ४ वटा गोठ निर्माणका लागि अनुदान पाएका छन् । कृषि व्यवसायको सुधार गर्दै दिगो आर्यआर्जनमा जोडिन मद्दत गर्ने उद्देश्यअनुसार उपमहानगरले ५० प्रतिशत लागत व्यहोरेको छ ।

# हेटौंडामा स्टार्टअप नवप्रवर्तन उद्यमशीलता सम्मेलन सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/ हेटौंडामा स्टार्टअप तथा नवप्रवर्तन उद्यमशीलता सम्मेलन सुरु भएको छ । उद्योग संघ मकवानपुरको आयोजना एवम् प्रदेश सरकारको उद्योग, वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालयसँगको सहकार्यमा २ दिने सम्मेलन सुरु भएको हो ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव हेमराज भुषालको प्रमुखआतिथ्यमा सम्मेलनको उद्घाटन गरिएको हो । उद्घाटनमा सचिव भुषालले नवप्रवर्तन र उद्यमशीलतामा निजीक्षेत्रले नै अगुवाई गर्ने र राज्यले त्यसका लागि वातावरण बनाउने बताएका छन् । उनले नवप्रवर्तन र उद्यमशीलतामा प्रदेश सरकारले निजीक्षेत्रसँग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । उद्योग र उद्यमीको सम्भावना पहिचान हुन नसक्दा कुल बजेटको १ प्रतिशत पनि उद्योगक्षेत्रमा बजेट विनियोजन हुन नसकेको उनले बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले सिकाईलाई सीपसँग जोड्नुपर्ने बताइन् । जाँगरिला मानसिकता बोकेर उद्यमशीलतालाई प्रवर्द्धन गर्नु आजको आवश्यकता भएको उनको भनाई छ । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले नवप्रवर्तनको माध्यमबाट समाजलाई समुन्नतको दिशामा अगाडि बढाउनुपर्ने बताइन् । रोजगारीको अवसर सिर्जना गरेर समाजमा ब्याप्त बेरोजगारीको समस्या हल गर्न सकिने उनले उल्लेख गरिन् ।

शुक्रबार र शनिबार दुईदिन सञ्चालन हुने सम्मेलनमा दीगो उद्यमशीलताको विषयमा प्रमुखवक्ताको रुपमा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. विजुकुमार थपलिया रहेका थिए । पहिलो दिन प्रमुखवक्ताको प्रस्तुतीसँगै नेपालमा दीगो उद्यमशीलताको विषयमा समूह छलफल, बजारीकरणको विषयमा कार्यशाला, उद्यमशीलतामा कृत्रिम वौद्धिकता (एआई) को प्रयोगका विषयमा प्रस्तुती भएको थियो ।

दोस्रो दिन शनिबार 'उद्यमशीलतामा महिला सहभागिता : चुनौती र अवसर' विषयक समूह छलफल, बजेटमा नवप्रवर्तन र उद्यमशीलताको विषयमा छलफल हुनेछ भने नेपालको उद्यमशीलता चक्रमा प्रारम्भिक लगानीकर्ताको भूमिका विषयमा छलफल हुनेछ । सम्मेलनमा मकवानपुरसहित चितवन, सिन्धुली, धादिङ, नुवाकोट, दोलखा जिल्लाबाट उद्योग तथा वाणिज्य संघका पदाधिकारी, उद्यमी, स्टार्टअप योजनामा सहभागी नवउद्यमी, विद्यार्थीको सहभागिता रहेको छ ।

उद्योग संघ मकवानपुरका वरिष्ठउपाध्यक्ष श्रीहरि मास्केको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेल, उद्योग संघ मकवानपुरका पूर्वअध्यक्ष ऋषिराम घिमिरे, पूर्वअध्यक्ष नवराज अर्याल, हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशी, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# चार विद्यार्थीलाई जनही चारहजार रुपैयाँ नगद सहित सम्मानित




साझाकुरा संवाददाता

हेटौंडा, ६ असार/सहीद मीनबहादुर थपलिया स्मृति प्रतिष्ठानले थपलियाको २० औं स्मृति दिवसको अवसरमा एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने चार विद्यार्थीलाई जनही चारहजार रुपैयाँ नगदसहित सम्मान गरेको छ ।

हेटौंडा-१४ स्थित जनज्योति माविबाट ०७८ सालमा उत्कृष्ट अंक ल्याउन सफल कृतिका सुनार, ०७९ मा उत्कृष्ट अंक ल्याउने शौरभ देबकोटा, ०८० मा उत्कृष्ट अंक ल्याउने कृषा क्षेत्रीलाई नगदसहित सम्मान गरिएको हो ।

यस्तै २०८० को एसइई मा उत्कृष्ट अंक ल्याउन सफल भृकुटी माविकी छात्रा रुष्मा घलानलाई सम्मान गरिएको छ । बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले विद्यार्थीलाई सम्मानपत्र प्रदान गरेका हुन् ।

कार्यक्रममा प्रथम मुख्यमन्त्री पौडेलले सामाजिक क्षेत्रमा योगदान पुऱ्याउनेहरुको सम्मानमा स्थापना भएको प्रतिष्ठानले युवा पुस्तामा सकारात्मक भावना जागृत गराउने बताएका छन् । प्रतिष्ठानका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका संस्थापक अध्यक्ष प्रेमप्रसाद गौतम, प्रगतिशील पेशागत कानून ब्यवसायी संगठन मकवानपुरका अध्यक्ष मदन दाहाल, विद्यार्थी नेता अमृत बर्तौला, जनज्योति माविका प्रधानाध्यापक भोगेन्द्र लुईटेल, विद्यालय ब्यवस्थापन समिति पूर्वअध्यक्ष बासुदेब अधिकारी, नेकपा एमाले १४ नम्बर वडाअध्यक्ष रामबहादुर रुम्बा, नेकपा समाजवादी १४ नम्बर वडाअध्यक्ष मोहन गोलेलगायतको आतिथ्यता रहेको थियो ।

# टप अर्डर नचल्दा नेपाल स्कटल्याण्डसँग पराजित

काठमाडौं/टप अर्डरको ब्याटिङ नचल्दा नेपालले त्रिदेशीय टी-२०आई शृंखलाको अन्तिम खेलमा स्कटल्याण्डसँग हार बेहोरेको छ । शुक्रबार भएको खेलमा नेपाललाई स्कटल्याण्डले ३४ रनले हराएको हो । स्कटल्याण्डले दिएको १९४ रनको लक्ष्य पछ्याएको नेपालले १८.५ ओभरमा अलआउट हुँदै १५९ रन मात्र बनाउन सक्यो ।

रुपेश सिंह २२ बलमा ४३ रनमा नटआउट रहे । त्यस्तै दिपेन्द्रसिंह ऐरीले ३४ र कप्तान रोहित पौडेलले २७ रन बनाए । स्कटल्याण्डका क्रिस ग्रिभ्सले ३ ओभरमा २७ रन दिएर ३ विकेट लिए । सफिया सरिफले २ विकेट लिँदा मार्क वाट, माइकल लिस्क र ब्रान्डन म्याकमुलेनले १-१ विकेट लिए ।

नेपालले पहिलो ओभरमै कुशल भुर्तेलको विकेट गुमाएको थियो । भुर्तेल ४ रनमा, भीम सार्की १२ रनमा, आसिफ शेख १४ र आरिफ शेख ५ रनमा आउट भएपछि नेपालले पावरप्लेभित्रै ४ विकेट गुमाउँदा नेपाल ४३-४ को अवस्थामा थियो । त्यसपछि दबाबमा आएको नेपाल त्यसबाट पूर्ण रूपमा बाहिर निस्कन सकेन । दिपेन्द्र र रोहितले साझेदारी गरेपनि लामो समयसम्म जान सकेन ।

त्यसअघि जर्ज मन्सेको आक्रामक अर्धशतकमा स्कटल्याण्डले २० ओभरमा ५ विकेट गुमाएर १९३ रन बनाउँदै नेपाललाई १९४ रनको लक्ष्य दिएको थियो । ओपनर जर्ज मन्सेले ३९ बलमा ५ चौका र ६ छक्काको मद्दतले ७८ रन बनाए । त्यस्तै ब्रान्डन म्याकमुलेनले ४२ रन बनाए । माइकल लिस्क २६ तथा म्याथ्यु क्रस १७ रनमा अविजित रहे ।

मन्से र म्याकमुलेनले मिलेर दोस्रो विकेटका लागि १०० रनको साझेदारी गरेका थिए । ३४-१ बाट १३४-२ को अवस्थामा रहेको भएपनि नेपालले त्यसपछि ११ रनको अन्तरमा ३ विकेट लिएपछि स्कटल्याण्ड १४५-५ को अवस्थामा पुगेको थियो ।

(अनलाइनखबर)

डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।

अन्य लक्षणहरू:
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरू दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा बिमिरा आउने ।



बच्ने उपायहरू:
- डेगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्धि रोक्नु पर्दछ,
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु ,गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने ,
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने,
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने,
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने,
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदाँ दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने ,
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने,
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने ,
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने ,

हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालय
नवलपुर, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना